# राष्ट्रिय मानव अधिकार आयोगको २४ औँ वार्षिकोत्सवको उपलक्ष्यमा आयोगका माननीय अध्यक्ष श्री तप बहादुर मगरले दिनु भएको मन्तव्य

कार्यक्रमका प्रमुख अतिथि सम्माननीय प्रधानमन्त्री श्री पुष्पकमल दाहाल 'प्रचण्ड' ज्यू

माननीय मन्त्रीज्यूहरु, प्रतिनिधिसभा तथा राष्ट्रिय सभाका माननीय सदस्यहरु

सवैधानिक आयोगका माननीय अध्यक्षज्यूहरु तथा सदस्यज्यूहरु

नेपाल सरकारका उच्च पदस्थ अधिकारीहरु

UN Resident Coordinator Ms. Hanna Singer-Hamdy

महामहिम राजदूतहरु, कुटनीतिक नियोगका प्रतिनिधिहरु,

गैरसरकारी सस्था महासंघका अध्यक्ष रामप्रसाद सुवेदीज्यू

मानव अधिकार रक्षक तथा सञ्चारकर्मीहरु

अन्य विशिष्ट महानुभावहरु ।

राष्ट्रिय मानव अधिकार आयोगले आजस्थापनाको २४ औं वर्ष पार गर्दैछ । यस अवसरमा आयोग स्थापनाका लागि निरन्तर संघर्ष र योगदान गर्नुहुने सम्पूर्ण अग्रजहरू प्रति सम्मान व्यक्त गर्दछु । यसै अवसरमा आयोजित कार्यक्रममा उपस्थित भइदिनुहुने प्रमुख अतिथिज्यू सहित सम्पूर्ण स्वदेशी तथा विदेशी पाहुना र शुभेच्छुकहरूलाई आयोग र मेरो तर्फबाट हार्दिक स्वागत गर्दछु ।

आयोग मानव अधिकारको संरक्षण र संवर्धन गर्नका लागि नागरिकको विश्वास र भरोसाप्राप्त एउटा महत्त्वपूर्ण संवैधानिक निकायको रूपमा स्थापित भएको छ । यो सबै यहाँहरुको निरन्तर योगदानबाट नै सम्भव भएको हो । यस अवधिमा आयोगले अनेकौं चुनौतीको सामनासँगै महत्वपूर्ण उपलब्धि पनि हासिल गरेको छ । हाल केन्द्रीय कार्यालयसहित ११ ओटा प्रदेश तथा प्रदेश शाखा कार्यालयबाट आयोगले दैनिक कार्यसम्पादन गरिरहेको छ ।

मानव अधिकारको सम्मान, संरक्षण, संवर्धन तथा त्यसको प्रभावकारी कार्यान्वयनलाई सुनिश्चितताका लागि स्थापित आयोग सधैँ नै क्रियाशील छ । आयोगले आफ्नो कामलाई

प्रभावकारी र व्यवस्थित गर्न छ वर्षे रणनीतिक योजना तर्जुमा गरी कार्य गरिरहेको छ । स्थापनाकालदेखि नै मानव अधिकार उल्लंघन भएका घटनाहरूमा अनुसन्धान गर्दै दोषीलाई कारवाही र पीडितलाई क्षतिपूर्तिका लागि सिफारिस गर्दै आएको छ । अनुगमन तथा अनुसन्धानबाट प्राप्त तथ्यका आधारमा प्रेस विज्ञप्ति, प्रेस नोट, पत्रकार सम्मेलन तथा सम्बन्धित निकायलाई पत्राचारको माध्यमबाट विभिन्न विषयहरूमा निरन्तर नेपाल सरकारलगायत अन्य सम्बद्ध पक्षको ध्यानाकर्षण समेत गराउँदै आएको छ। आयोगले विगतका वर्षहरुमा झैँ यस वर्ष पनि नेपाल सरकार, मानव अधिकारसम्बन्धी अन्य आयोगहरु, गैरसरकारी संस्था/नागरिक समाजसँग सहकार्य गरिरहेको छ ।

आयोगले महिला विरुद्ध हुने भेदभाव विरुद्धको समितिमा सरोकारवालाहरुको समन्वय र सहकार्यमा प्रतिवेदन बुझाउने तयारी गरिरहेको छ। एसिया प्यासिफिक फोरम, राष्ट्रिय मानव अधिकार संस्थाहरुको विश्वव्यापी सञ्जाल (GANHRI) लगायतका अन्तर्राष्ट्रिय मञ्चहरुमा सहभागी हुनुका साथै संयुक्त राष्ट्रसंघीय विभिन्न निकायसँगको सहकार्य र समन्वयमा कार्य गर्दै आएको छ। विश्वव्यापी आवधिक समिक्षाको तेस्रो चक्रबाट नेपाललाई प्राप्त सिफारिसहरू तथा पाचौँ मानव अधिकार राष्ट्रिय कार्ययोजनाको कार्यान्वयनलाई जोड दिँदै आएको छ ।

आयोगले विगतदेखि नै नेपाली आप्रवासी कामदार र तिनका परिवारको अधिकार संरक्षण सम्बन्धमा अन्य देशका आयोगहरूसँग समेत सहकार्य गर्दै आएको छ। एशिया प्रशान्त क्षेत्रका केही मानव अधिकार आयोगसँग आयोगले द्विपक्षीय समझदारीपत्रमा हस्ताक्षर गरेको छ भने निकट भविष्यमा आप्रवाशी कामदार धेरै रहेका विदेशका अन्य केही मानव अधिकार आयोगहरूसँग समेत समझदारीपत्रमा हस्ताक्षर गर्ने कार्यक्रम रहेको छ । यसबाट नेपाली आप्रवासी कामदारहरुलाई सम्बन्धित देशमा न्यायमा पहुँच स्थापनाको लागि मद्दत पुग्ने छ ।

स्थापनादेखि हालसम्म आयोगमा १३,२७३ उजुरी दर्ता हुन आएकोमा ७,८८५ उजुरी फछ्र्यौट भई १,५५५ वटा उजुरीउपर सिफारिस गरिएको छ । जसमा मानव अधिकारको अवस्था सुधारका लागि नीतिगत सिफारिसहरु समेत रहेका छन्। यस आ.व. मा आयोगमा ८४ ओटा उजूरी दर्ता भई कारवाहीको क्रममा रहेका छन् भने यस आ.व. मा हालसम्म ४२५ वटा उजुरीहरु आयोगको वैठकमा पेश भएका छन्। जसमध्ये ३८३ वटा उजुरीहरु फच्छ्र्यौट भएका छन् भने १३९ वटा सिफारिस गरिएका छन् । सिफारिस गरिएकामध्ये द्वन्द्वकालीन मानव अधिकार उल्लंघनका उजूरीहरु, महिला अधिकार, विकासको अधिकार, अपाङ्गता भएका व्यक्तिहरुको अधिकार, लैङ्गिक तथा यौनिक अल्पसंख्यकका अधिकार, आदिवासी जनजातिका

अधिकार, दलितका अधिकार, व्यवसाय र मानव अधिकार लगायतका घटनाहरूसँग सम्बन्धित छन् ।

आयोगले नेपाल सरकारलाई गरेको सिफारिस कार्यान्वयनको प्रतिशत हेर्दा १३.६४ प्रतिशत पूर्ण, ३७.२३ प्रतिशत आंशिक र ४९.१३ प्रतिशत कार्यान्वयनको पर्खाइमा रहेका छन् । पीडितलाई क्षतिपूर्तिका लागि आयोगले सिफारिस गरेकोमा पर्याप्त बजेट निकासा र छुट्टै कोषको अभावमा सबै पीडितहरूले क्षतिपूर्ति समेत पाउन सकेका छैनन् । यस सन्दर्भमा क्षतिपूर्ति उपलब्ध गराउन छुट्टै कोष स्थापनाका लागि आयोगले पटकपटक नेपाल सरकारलाई अनुरोध गर्दै आएको छ ।

आयोगका सिफारिस पूर्ण कार्यान्वयनका लागि नेपाल सरकारले निरन्तर प्रतिवद्धता जनाए पनि कार्यान्वयन प्रभावकारी हुन सकेको छैन । तथापि प्रधानमन्त्री कार्यालयमा आयोगका सिफारिस कार्यान्वयन समिति गठन भई कार्य भइरहेकोले सिफारिस कार्यान्वयनमा प्रगति हुने विश्वास लिएको छु । सिफारिस कार्यान्वयनका लागि नेपाल सरकारसहित संसद, नागरिक समाज लगायतका सरोकारवाला निकायहरू सबैले आ-आफ्नो भूमिकालाई प्रभावकारी बनाउन आवश्यक देखिन्छ । आयोगका सिफारिसहरूलाई कार्यान्वयन गर्नुपर्ने संवैधानिक र कानूनी दायित्व नेपाल सरकारको भएकोले त्यसका लागि राज्यका निकायको जिम्मेवारी रहेको कुरा दोहोर्‍याउन चाहन्छु ।

यस अवधिमा आयोगले मानव अधिकार सम्बन्धी पाचौँ राष्ट्रिय कार्ययोजना कार्यान्वयन, महिला, बालबालिका, अपाङ्गता भएका व्यक्ति, आदिवासी जनजाती, मधेशी, दलित, मुस्लिम, ज्येष्ठ नागरिक, लैङ्गिक तथा यौनिक अल्पसंख्यक समुदाय, श्रमिक, किसान, दिगो विकास लक्ष्य, व्यवसाय र मानव अधिकार, जलवायु न्याय तथा प्रेश तथा अभिव्यक्ति स्वतन्त्रता विषयमा गरेको अनुगमन तथा प्रवर्धनात्मक कार्यबाट यी समुदाय र क्षेत्रको मानव अधिकार प्रचलनको लागि तीनै तहका सरकारबाट प्रभावकारी पहल हुनुपर्ने देखिएको छ । मानव अधिकारको विश्वव्यापी आवधिक समीक्षा तथा मानव अधिकार सम्बन्धी सन्धिजनित समितिहरू र विशेष समाधीक्षकहरूबाट नेपाल सरकारलाई गरिएका सिफारिसहरूको प्रभावकारी कार्यान्वयनमा पनि सरकार थप गम्भीर हुनुपर्ने देखिएको छ ।

यस आ.व.मा आयोगले व्यवसाय र मानव अधिकारका विषयमा संघीय संसदसँग संवाद कार्यक्रम गरेको छ । नेपाल सरकारले जारी गरेको व्यवसाय र मानव अधिकार राष्ट्रिय कार्ययोजनामा आयोगले पनि आवश्यक सुझाव दिइएको छ । चियाबगानमा कार्यरत

श्रमिकहरुको मानव अधिकारका विषयमा आयोगको ध्यानाकर्षण भएको छ । पछिल्लो समय जलविद्युत आयोजनाहरुले आई.एल.ओ. महासन्धि १६९ र आदिवासी जनजातिको अधिकारसम्बन्धी संयुक्त राष्ट्रसंघीय घोषणापत्र, २००७ ले प्रत्याभूत गरेका अधिकारमा नकारात्मक प्रभाव परेको भनी आयोगमा उजुरीहरु प्राप्त हुने क्रम बढेको छ । आयोगले तनहुँ जलविद्युत आयोजना, अरुण-३ जलविद्युत आयोजना र भोटेकोशी-१ जलविद्युत आयोजनाबाट प्रभावित नागरिकको मानव अधिकार अवस्थाको स्थलगत अनुगमन गरेको छ । विकास आयोजनाबाट प्रभावित नागरिकको मानव अधिकार अवस्थाको अध्ययन प्रतिवेदन जारी गर्ने तयारी भइरहेको छ ।

यसका अतिरिक्त राष्ट्रिय निकुञ्ज, वन्यजन्तु आरक्षण र संरक्षण क्षेत्रका मध्यवर्ती क्षेत्रमा बसोबास गर्ने नागरिकको मानव अधिकार अवस्था सम्बन्धमा पनि आयोगमा उजुरीहरु प्राप्त भएका छन् । आयोगले लोपोन्मुख राउटे आदिवासी जनजातिको मानव अधिकार अवस्थाको अध्ययन गरेको छ । एच.आई.भी. एड्स संक्रमित नागरिकको मानव अधिकार अवस्थाको समेत अध्ययन भएको छ । ती नागरिकको मानव अधिकार संरक्षणको सवालमा राष्ट्रिय महिला आयोग र राष्ट्रिय दलित आयोगसँग पनि परामर्श कार्यक्रम गरिएको छ । दलित समुदायको मानव अधिकार संरक्षण सवालमा आयोग सदैव संवेदनशील रहेको छ । यसै आ.व.मा आयोगले वातावरणीय मानव अधिकार रक्षकको पहिचान र सुरक्षा सम्बन्धी सम्मेलन आयोजना गरी काठमाडौं घोषणापत्र जारी गर्दै वायु प्रदूषणले मानव अधिकारमा पारिरहेको असरको सन्दर्भमा प्रेस विज्ञप्ति जारी गरी सरकार तथा सम्बद्ध सरोकारवालाको ध्यानाकर्षण गराएको छ । स्वच्छ वायुको अधिकार विषयमा नागरिक समाजका प्रतिनिधिलाई अभिमुखीकरण कार्यक्रम गरिएको छ ।

अपाङ्गता भएका व्यक्तिको अधिकारसम्बन्धी महासन्धि, २००६ को कार्यान्वयन सम्बन्धमा नेपाल सरकारलाई सन् २०१८ मा प्राप्त निष्कर्ष सुझावको कार्यान्वयन अवस्थाको अध्ययन प्रतिवेदन सार्वजनिक गर्ने तयारी भइरहेको छ । ज्येष्ठ नागरिक सम्बन्धी ऐन, २०६३ को कार्यान्वयन अवस्थाको अध्ययन भइरहेको छ । नेपाली समाजमा कुप्रथाको रुपमा रहेको बाल विवाह सम्बन्धमा आयोगले राष्ट्रिय जाँचबुझ कार्य अगाडि बढाएको छ । त्यसैगरी आर्थिक, सामाजिक तथा साँस्कृतिक अधिकारअर्न्तगत शिक्षा, स्वास्थ्य, खाद्यान्न, आवासको अधिकार आदि विषयलाई प्राथमिकतामा राखी अनुगमन गर्दै आएको छ ।

मानिसका बहुआयामिक अधिकारलाई प्रत्यक्ष प्रभाव पार्ने भ्रष्टाचार र अनियमितता जस्ता गतिविधि रोकी सीमान्तीकृत सहित सबै नागरिकहरुको हक अधिकार सुनिश्चित गर्दै सामाजिक

न्याय सहितको आर्थिक समृद्धि हासिल गर्न र आवाजविहीनहरुको आवाजलाई सम्वोधन गर्नु आवश्यक छ । संविधानले परिकल्पना गरेको समानुपातिक समावेशी सिद्धान्तको मर्मलाई व्यवहारमा उतार्न र मानव अधिकारमुखी विकास पद्धति लागू गर्न तीनै तहका सरकारको तदारुकता आवश्यक छ ।

सम्माननीयज्यू,

संक्रमणकालीन न्यायको कार्य छिटो टुंगिनु पर्दछ भन्नेमा आयोग दृढ छ । विस्तृत शान्ति सम्झौता भएको १८ वर्ष बितिसक्दा पनि द्वन्द्वपीडितहरू न्यायको पर्खाइमा रहेका छन् । सर्वोच्च अदालतको आदेश, आयोगको सिफारिस तथा पीडितको अपेक्षाका साथै अन्तर्राष्ट्रिय मूल्यमान्यता अनुरूप संक्रमणकालीन न्यायसम्बन्धी कानूनको संशोधन हुनु पर्दछ भन्नेमा आयोग स्पष्ट छ । तसर्थ पीडितहरूलाई न्याय प्राप्त हुने गरी कानून संशोधन गरी संक्रमणकालीन न्यायका बाँकी कार्य पूरा होस् भन्ने समेत सम्माननीय प्रधानमन्त्रीज्यू समक्ष आग्रह गर्दछु ।

आयोगको स्थापनाकाल देखि नै Global Alliance of National Human Rights Institutions (GANHRI) को स्तर निर्धारणमा A श्रेणीमा रहँदै आएको छ । GANHRI को Sub-Committee on Accreditation (SCA) बाट प्राप्त सुझावहरूको कार्यान्वयनमा विशेष जोड दिन आयोग नेपाल सरकारसमक्ष आग्रह गर्दछ । SCA बाट प्राप्त सिफारिसहरूको कार्यान्वयनमा आयोग स्वयंले समेत पहल गरेको स्मरण गराउन चाहन्छु । यस अवधिमा आयोगले SCA को सिफारिस बमोजिम सीमान्तीकृत समुदायको मानव अधिकार संरक्षण एवम् महिला हिंसा तथा विभेदको न्यूनीकरणका लागि वार्षिक कार्यक्रम तय गरी कार्यान्वयन गर्दै आएको छ ।

आयोगको स्वायत्तता र स्वतन्त्रता कायम हुने गरी पेरिस सिद्धान्त अनुकूल राष्ट्रिय मानव अधिकार आयोग ऐनको नयाँ कानून तर्जुमा गर्न प्रधानमन्त्री कार्यालयबाट सैद्धान्तिक सहमति प्राप्त भई आयोगले ऐन समेत मस्यौदा गरी सरोकारवालासँग परामर्श गरिरहेको छ । SCA ले गरेको सिफारिस अनुरुप मानव अधिकार आयोग ऐनलाई पारित गर्न सरकार र संसद समक्ष विशेष आग्रह गर्दछु ।

वि.सं. २०७२ सालको विनाशकारी भूकम्पबाट क्षति हुन पुगेको आयोगको भवन निर्माण कार्य अझै पनि  प्राथमिकतामा पर्न सकेको छैन । आयोगका अन्य कार्यालयहरू समेत भाडाका घरमा संचालनमा रहेका छन् । आयोगको केन्द्रसहित सबै  कार्यालयहरू व्यवस्थापनका लागि

जग्गा प्राप्त गरी भवन निर्माण गर्नुपर्ने आवश्यकता छ । सङ्घीय संरचनाअनुसार आयोगले तय गरी प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा पठाएको आयोगको साङ्गठिनक संरचना समेत स्वीकृत भइसकेको छैन । तसर्थ सम्माननीयज्यूबाट आयोगको केन्द्रीय कार्यालयलगायत मातहत कार्यालयहरूका लागि जग्गा प्राप्ति, भवन निर्माण, आयोगको ऐन तर्जुमा एवंम् मानव अधिकार सेवा गठन सम्बन्धी कानून निर्माण तथा आयोगको साङ्गठिनक संरचना स्वीकृत गर्नेतर्फ विशेष पहल हुनेछ भन्ने मैले आशा एवंम् विश्वास लिएको छ ।

आयोगलाई प्राप्त विश्वास, सहयोग र सहकार्यका लागि संघीय संसद, नेपाल सरकार, न्यायपालिका, संयुक्त राष्ट्र संघीय विकास कार्यक्रम (UNDP) लगायत संयुक्त राष्ट्र संघीय निकायहरू, युरोपियन युनियन, नेपालस्थित कुटनीतिक नियोगहरू, सम्पूर्ण मानव अधिकार समुदाय, नागरिक समाज,  अन्तर्राष्ट्रिय समुदाय र पीडित सहित सबैमा आभार व्यक्त गर्दछु ।

आज सम्मानित हुनुहुने सबै कर्मचारीहरूलाई हार्दिक बधाई दिन चाहन्छु । यो सम्मानले कर्मचारीहरुलाई थप उत्प्रेरित बनाई मानव अधिकार संरक्षण र संवर्धनमा अझै बढी सक्रिय हुन हौसला प्रदान गर्ने छ भन्ने विश्वास लिएको छु ।

अन्त्यमा, नेपाल सरकारको मानव अधिकारप्रतिको जवाफदेहितामा थप अभिवृद्धि होस्, मानव अधिकार अभियान अझै सशक्त बनोस्, सीमान्तकृत समुदायसहित सबैको अधिकार सुनिश्चित होस्, मानव अधिकारको संस्कृति विकास हुँदै जाओस् भन्ने सबैमा शुभकामनाका साथ राष्ट्रिय मानव अधिकार आयोग मानव अधिकारको संरक्षण र संवर्धनमा दृढताका साथ जुटिरहने प्रतिवद्धता जनाउँदै बिदा हुन्छु ।

॥ धन्यवाद ॥

१३ जेठ २०८१, हरिहर भवन ललितपुर, नेपाल ।